तादी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ४ मिति : २०८०/१२/२९

भाग – २

**तादी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खरानीटार, नुवाकोट**

वागमती प्रदेश, नेपाल

## सामुदायिक विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि,२०८०

(तादि गाउँ कार्यपालिकाबाट पारित तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।)

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तादी गाउँपालिकाले तादी गाउँपालिकाको सामुदायिक विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८० वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

**प्रस्तावना** :

जनसाङ्ख्यिक संरचनामा आएको परिवर्तन, तीव्र सहरीकरण,सडक यातायात संजालमा भएको वृद्वि वैदेशिक रोजगार,विवाह तथा जन्मान्तरमा आएको परिवर्तनका कारण सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गइरहेको वर्तमान परिवेशमा सार्वजनिक विद्यालयमा आधारभूत पूर्वाधार विकास,दक्ष विषयगत शिक्षकको प्रबन्ध,सिकाइ वातावरणको सुनिस्चितता गर्दै त्यस्ता विद्यालयको सबलीकरण र सुढृढीकरण गर्न दुई वा सो भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन, डि ग्रेड एवम् एकीकरण गरी विद्यालय शिक्षामा बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै आवश्यक शिक्षक व्यवस्थापन गरी शैक्षिक गुणस्तर अभिवृद्वि गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ज. (११) को व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो **सामुदायिक विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८०** तादी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०/१२/२९ गतेको बैठकले स्वीकृत गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यस कार्यविधिको नाम सामुदायिक विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधी २०८० रहेको छ ।

ख) यो कार्यविधि तादी गाउँपालिका गाउँकार्यपालिका बाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ ।

ख) "नियमावली" भन्नाले शिक्षा नियमावली २०५९ लाई सम्झनु पर्छ ।

ग) "गाउँपालिका" भन्नाले तादी गाउँपालिका सम्झनु पर्दछ ।

घ) "अध्यक्ष" भन्नाले तादी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ङ) "गाउँ शिक्षा समिति" समिति भन्नाले तादी गाउँपालिको गाउँ शिक्षा समितीलाई सम्झनु पर्छ ।

च) "शिक्षा शाखा" भन्नाले तादी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

छ) "गाउँ शिक्षा समितिको संयोजक" भन्नाले तादी गाउँपालिकाको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिलाई सम्झनु पर्छ ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तादी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

झ) “शिक्षा अधिकृत” भन्नाले तादी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृत वा शाखा प्रमुखलाई सम्झनु पर्छ ।

ञ) “विद्यालय” भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृत प्राप्त तादी गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयलाई सम्झनु पर्छ ।

ट) “सामुदायिक विद्यालय समायोजन” भन्नाले तादी गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयको समायोजन सम्झनु पर्दछ ।

ठ) “प्रधानाध्यापक” भन्नाले सामुदायिक विद्यालयको प्रधानध्यापक वा प्रधानध्यापकको जिम्मेवारी तोकिएको शिक्षक सम्झनु पर्छ ।

ड) “शिक्षक” भन्नाले नेपाल सरकारबाट स्वीकृत दरबन्दी, राहत र अनुदानमा कार्यरत सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुलाई सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारबाट नियमित रुपमा तलव भत्ता पाउने गरी प्रारम्भिक वाल विकास कक्षामा शिक्षण गर्न नियुक्ति भएका शिक्षक तथा गाउँपालिकाको आन्तरिक स्रोतबाट नियुक्ति भएका निजिस्रोत शिक्षक समेतलाई बुझ्नु जनाउँछ।

ढ) “कर्मचारी” भन्नाले तादी गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत नेपाल सरकार बाट नियमित रुपमा तलव भत्ता खान पाउने गरि नियुक्ति भएका लेखापाल तथा कार्यालय सहयोगि लाई सम्झनु पर्दछ ।

ण) “दरबन्दी” भन्नाले सामुदायिक विद्यालयमा प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनुपर्छ सो शब्दले राहत, अनुदान कोटा, संघ तथा प्रदेश सरकार बाट प्राप्त शुन्य दरबन्दी कोटा ( अंग्रेजी/गणित/विज्ञान) गाउँपालिका निजिस्रोत शिक्षक समेतलाई जनाउँछ ।

## परिच्छेद–२
## विद्यालय समायोजन प्रक्रिया

**३. विद्यालय समायोजनका आधारहरुः**

**(१) प्रारम्भिक बाल विकास सञ्चालित केन्द्र तथा विद्यालयको हकमा**

(क) एक विद्यालय वा केन्द्रबाट अर्को विद्यालय वा केन्द्रको दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा १ किलोमिटर भन्दा कम भएमा ।

(ख) सामुदायिक सिकाई केन्द्रमा १० जना भन्दा कम विद्यार्थी संख्या भएमा त्यस्तो केन्दर्लाई नजिकको विद्यालयमा समायोजन गरिने छ।

**(२) कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयको हकमा**

(क) कक्षा १-३ सञ्चालित एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्मको दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा २.५ किलोमिटर भन्दा कम भएमा।

(ख) कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयमा (बाल  विकास सहजकर्ता बाहेक) प्रति कक्षा औसत विद्यार्थी संख्या १५ जना भन्दा कम भएमा।

(ग) खण्ड क, ख वा क र ख दुवै भएको अवस्थामा कक्षा १ देखि ३ सम्म समायोजन गरी बढी विद्यार्थी भएको विद्यालयमा गाभिने छ र त्यस विद्यालयमा बाल विकास केन्द्र मात्र कायम गरिने छ।

(घ) खण्ड ग बमोजिम समायोजन भएका विद्यालयमा  दरबन्दी बढी भएमा गाउँपालिकाको पुलमा रहने छ र आवश्यकताको आधारमा विद्यालय पहिचान गरी दरबन्दी वितरण गरिने छ।

(ङ) खण्ड ख बमोजिमको आधार दुवै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा कार्यपालिकाको निर्णय बमोजिमको विद्यालयमा समायोजन गरिने छ।

(च) समायोजन तथा डिग्रेड भएका विद्यालयहरुमा बालबालिकाको संख्यामा वृध्दि भएको देखिएमा स्थलगत अध्ययन गर्दा तोकिएको  मापदण्ड बमोजिम विद्यार्थी संख्या पुगेमा कार्यपालिकाको निर्णय अनुसार विद्यालय पुनः सञ्चालन तथा कक्षा अपग्रेड गर्न सकिने छ।

**(३) कक्षा ४ देखि ५ सञ्चालित विद्यालयको हकमा**

(क) कक्षा ४-५ सञ्चालित एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्मको दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा ३ किलोमिटर भन्दा कम भएमा।

(ख) कक्षा ४ देखि ५ सम्म सञ्चालित विद्यालयमा (बाल विकास सहजकर्ता बाहेक) प्रति कक्षा औसत विद्यार्थी १५ जना भन्दा कम वियार्थी संख्या भएमा।

(ग) खण्ड क, ख वा क र ख दुवै भएको अवस्थामा कक्षा ४ देखि ५ समायोजन गरी बढी विद्यार्थी भएको विद्यालयमा वा कार्यपालिकाको निर्णय बमोजिम समायोजन गरिने छ र त्यस विद्यालयमा  कक्षा १-३ मात्र कायम गरिने छ।

(घ) खण्ड ग बमोजिम समायोजन भएका विद्यालयमा  दरबन्दी बढी भएमा गाउँपालिकाको पुलमा रहने छ र आवश्यकताको आधारमा विद्यालय पहिचान गरी दरबन्दी वितरण गरिने छ।

(ङ) खण्ड ख बमोजिमको आधार दुवै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा कार्यपालिकाको निर्णय बमोजिमको विद्यालयमा समायोजन गरिने छ।

(च) विद्यालय समायोजन गर्दा एक वर्षमा एक तह समायोजन तथा डि ग्रेड गरिने छ।

(छ) समायोजन तथा डिग्रेड भएका विद्यालयहरुमा बालबालिकाको संख्यामा वृध्दि भएको देखिएमा स्थलगत अध्ययन गर्दा तोकिएको  मापदण्ड बमोजिम विद्यार्थी संख्या पुगेमा कार्यपालिकाको निर्णय अनुसार विद्यालय पुनः सञ्चालन तथा कक्षा अपग्रेड गर्न सकिने छ।

**(४) कक्षा ६-८ सञ्चालित विद्यालयको हकमा**

(क) कक्षा ६-८ सञ्चालित एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्मको दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा ३.५ किलोमिटर भन्दा कम भएमा।

(ख) कक्षा ६ देखि ८ सम्म सञ्चालित विद्यालयमा (बाल विकास सहजकर्ता बाहेक) प्रति कक्षा औसत विद्यार्थी १५ जना भन्दा कम विद्यार्थी संख्या भएमा।

(ग) खण्ड क, ख वा क र ख दुवै भएको अवस्थामा कक्षा ६ देखि ८ समायोजन गरी त्यस विद्यालयमा  कक्षा १-५ मात्र कायम रहने छ।

(घ) खण्ड ग बमोजिम समायोजन भएका विद्यालयमा  दरबन्दी बढी भएमा गाउँपालिकाको पुलमा रहने छ र आवश्यकताको आधारमा विद्यालय पहिचान गरी दरबन्दी वितरण गरिने छ।

(ङ) खण्ड ख बमोजिमको आधार दुवै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा कार्यपालिकाको निर्णय बमोजिमको विद्यालयमा समायोजन गरिने छ।

(च) विद्यालय समायोजन गर्दा एक वर्षमा एक तह समायोजन तथा डि ग्रेड गरिने छ।

(छ) समायोजन तथा डि ग्रेड भएका विद्यालयहरुमा बालबालिकाको संख्यामा वृद्धि भएको देखिएमा स्थलगत अध्ययन गर्दा तोकिएको मापदण्ड बमोजिम विद्यार्थी संख्या पुगेमा कार्यपालिकाको निर्णय अनुसार विद्यालय पुनः सञ्चालन तथा कक्षा अपग्रेड गर्न सकिने छ।

**(५) कक्षा ९-१० सञ्चालित विद्यालयको हकमा**

(क) कक्षा ९-१० सञ्चालित एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्मको दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा ४ किलोमिटर भन्दा कम भएमा।

(ख) कक्षा ९ देखि १० सम्म सञ्चालित विद्यालयमा (बाल विकास सहजकर्ता बाहेक) प्रति कक्षा औसत १५ जना भन्दा कम विद्यार्थी संख्या भएमा ।

(ग) खण्ड क, ख वा क र ख दुवै भएको अवस्थामा कक्षा ९देखि १० समायोजन गरी त्यस विद्यालयमा कक्षा १-८ मात्र कायम रहने छ।

(घ) खण्ड ग बमोजिम समायोजन भएका विद्यालयमा  दरबन्दी बढी भएमा गाउँपालिकाको पुलमा रहने छ र आवश्यकताको आधारमा विद्यालय पहिचान गरी दरबन्दी वितरण गरिने छ।

(ङ) खण्ड ख बमोजिमको आधार दुवै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा कार्यपालिकाको निर्णय बमोजिमको विद्यालयमा समायोजन गरिने छ।

(च) विद्यालय समायोजन गर्दा एक वर्षमा एक तह समायोजन तथा डि ग्रेड गरिने छ।

(छ) समायोजन तथा डिग्रेड भएका विद्यालयहरुमा बालबालिकाको संख्यामा वृध्दि भएको देखिएमा स्थलगत अध्ययन गर्दा तोकिएको  मापदण्ड बमोजिम विद्यार्थी संख्या पुगेमा कार्यपालिकाको निर्णय अनुसार विद्यालय पुनः सञ्चालन तथा कक्षा अपग्रेड गर्न सकिने छ।

(ज) कक्षा ९-१० सञ्चालित दुई वा सो भन्दा बढी विद्यालयहरुले बृहतर विद्यालयको अवधारणा अनुसार विद्यालय समायोजन गर्दा सम्मानजनक सह-अस्तित्व कायम रहने गरी समायोजन गरिने छ।

(झ) अन्यत्र जे कुरा लेखिएको भएता पनि उपदफा २,३ र ४ बमोजिम कक्षा १-३,४-५,र ६-८,नरहने विद्यालयमा कक्षा ९-१० रहने छैन । प्रत्येक वडामा कम्तिमा १ वटा माध्यमिक विद्यालय कायम गरी सञ्चालन गरिनेछ।

**(६) कक्षा ९-१२ सञ्चालित विद्यालयको हकमा**

(क) कक्षा ९-१२ सञ्चालित एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्मको दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा ५ किलोमिटर भन्दा कम भएमा।

(ख) कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालयमा (बाल विकास सहजकर्ता बाहेक) प्रति कक्षा औसत १५ जना भन्दा कम विद्यार्थी संख्या भएमा ।

(ग) खण्ड क, ख वा क र ख दुवै भएको अवस्थामा कक्षा ११ देखि १२ समायोजन गरी त्यस विद्यालयमा कक्षा १-१० मात्र कायम रहने छ।

(घ) खण्ड ग बमोजिम समायोजन भएका विद्यालयमा  दरबन्दी बढी भएमा गाउँपालिकाको पुलमा रहने छ र आवश्यकताको आधारमा विद्यालय पहिचान गरी दरबन्दी वितरण गरिने छ।

(ङ) खण्ड ख बमोजिमको आधार दुवै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा कार्यपालिकाको निर्णय बमोजिमको विद्यालयमा समायोजन गरिने छ।

(च) विद्यालय समायोजन गर्दा एक वर्षमा एक तह समायोजन तथा डि ग्रेड गरिने छ।

(छ) समायोजन तथा डिग्रेड भएका विद्यालयहरुमा बालबालिकाको संख्यामा वृध्दि भएको देखिएमा स्थलगत अध्ययन गर्दा तोकिएको मापदण्ड बमोजिम विद्यार्थी संख्या पुगेमा कार्यपालिकाको निर्णय अनुसार विद्यालय पुनः सञ्चालन तथा कक्षा अपग्रेड गर्न सकिने छ।

(ज) कक्षा ९-१२ सञ्चालित दुई वा सो भन्दा बढी विद्यालयहरुले बृहतर विद्यालयको अवधारणा अनुसार विद्यालय समायोजनका गर्दा सम्मानजनक सह-अस्तित्व कायम रहने गरी समायोजन गरिने छ।

(झ) अन्यत्र जे कुरा लेखिएको भएता पनि उपदफा २,३,४ र बमोजिम कक्षा १-३,४-५,६-८,र ९-१० नरहने विद्यालयमा कक्षा ११-१२ रहने छैन।

(७) दुरी मापन गर्दा गाउँपालिकाको प्राविधिक जनशक्तिको सहयोग लिइनेछ।

(८) जम्मा विद्यार्थी संख्या विद्यालय खुलेको दिनमा उपस्थित विद्यार्थी गणना गरी यकिन गरिएको संख्यालाई मानिने छ।

(९) यस कार्यविधिमा अन्यत्र जेसुकै कुरा उल्लेख गरिएको भएता पनि एक शैक्षिक सत्रमा माथिल्लो एक तह मात्र समायोजन हुनेछ।

## परिच्छेद-३

## दरबन्दी मिलान सम्बन्धी व्यवस्था

**४.विद्यालय समायोजन पश्चात विद्यालयमा रहने दरबन्दी संख्याः**

(१) न्यूनतम रुपमा विद्यालयमा देहायबमोजिम दरवन्दी रहने गरी व्यवस्थापन गरिनेछ।

**(क) बाल कक्षा सञ्चालित विद्यालय तथा सामुदायिक केन्द्रमा न्यूनतम १ दरबन्दी रहनेछ।**

**(ख) कक्षा १-३ सञ्चालित विद्यालयमा (बाल सहजकर्ता बाहेक)**

(अ) १५ जना देखि २० जनासम्म विद्यार्थी संख्या भएमा -१ जना

(आ) २० जना देखि ४० जनासम्म विद्यार्थी संख्या भएमा -२ जना

(ई) ४० देखि ६० जनासम्म विद्यार्थी संख्या भएमा -३ जना

**(ग) कक्षा १-५ सञ्चालित विद्यालयमा (बाल सहजकर्ता बाहेक)**

(अ) १५ जना देखि २० जनासम्म विद्यार्थी संख्या भएमा -२ जना

(आ) २० जना देखि ४० जनासम्म विद्यार्थी संख्या भएमा -३ जना

(ई) ४० देखि ८० जनासम्म विद्यार्थी संख्या भएमा -४ जना

**(घ) कक्षा १-८ सञ्चालित विद्यालयमा (बाल सहजकर्ता बाहेक)**

(अ) कक्षा १ देखि ५ सम्मको हकमा यस उपदफाको खण्ड (ग) अनुसार हुने

(आ) कक्षा ६ देखि ८ सम्म ४० जनासम्म विद्यार्थी भएमा -२ जना

(ई) कक्षा ६ देखि ८ सम्म ४० देखि ६० जनासम्म विद्यार्थी भएमा -३ जना

**(ङ) कक्षा १-१० सञ्चालित विद्यालयमा (बाल सहजकर्ता बाहेक)**

(अ) कक्षा १-८ को हकमा यस उपदफाको खण्ड (घ) अनुसार हुने

(आ) कक्षा ९-१० मा २० जना सम्म विद्यार्थी भएमा -२ जना

(इ) कक्षा ९-१० मा २० देखि ४० जना सम्म विद्यार्थी भएमा -३ जना

(ई) कक्षा ९-१० मा ४० भन्दा बढी विद्यार्थी भएमा — ४ जना

**(च) कक्षा १-१२ सञ्चालित विद्यालयमा (बाल सहजकर्ता बाहेक)**

(अ) कक्षा १-१० को हकमा यस उपदफाको खण्ड (ङ) अनुसार हुने

(आ) कक्षा ११-१२ मा ३० जना सम्म विद्यार्थी भएमा -२ जना

(इ) कक्षा ११-१२ मा ३० देखि ६० जना सम्म विद्यार्थी भएमा -३ जना

(ई) कक्षा ११-१२ मा ६० भन्दा बढी विद्यार्थी भएमा — ४ जना

**(२) कक्षा ६-१० वा ६-१२ सञ्चालित विद्यालय भएमा उपदफा १ को सम्बन्धित तहको व्यवस्था अनुसार शिक्षक व्यवस्थापन गरिने छ।**

(३) तल्लो एक तहमा बढी भएको दरबन्दी माथिल्लो तहमा गणना गरिनेछ र सेवा सुविधा तल्लो तहकै हुनेछ।

(४) सबै तहमा मिलान गरी बढी भएको दरबन्दी पुल दरबन्दीमा राखि मिलान गरिनेछ।

(५) दरबन्दी मिलानको निर्णय शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुनेछ।

(६)पुल दरबन्दी मिलान गर्दा नसकेमा क्रमशः रिक्त,करार, राहत र स्थायी शिक्षकलाई एक पछि अर्को कनिष्ठताको आधारमा मिलान गरिनेछ।

(७) दरबन्दी मिलान तथा समायोजन कार्य प्रत्येक वर्ष चैत्र मसान्त सम्म सकेर बैशाखको पहिलो हप्ता शिक्षक नयाँ विद्यालयमा हाजिर हुने गरि कार्यक्रम बनाइने छ।

(८) समायोजन हुने विद्यालयका शिक्षकको पदस्थापन शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नेछ।

(९) विद्यालय समायोजन तथा दरबन्दी मिलानको निर्णय पछि विद्यालयले गाउँपालिकाको अनुदानबाट खर्च हुने गरी शिक्षक नियुक्ति गर्न सक्ने छैन।

(१०) कुनै विद्यालयमा कार्यरत बाल विकास सहजकर्तालाई समायोजन हुँदा ECD मात्र रहेको विद्यालयमा खटाउन सकिने छ।

११) दरबन्दी मिलान पश्चात कुनै कारणवस विद्यालयका शिक्षक तथा कर्मचारीलाई गाउँपालिका भित्रको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा तथा कामकाजमा खटाउनु पर्ने अवस्था आएमा गाउँ शिक्षा समितिको निर्णयानुसार शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुखले गर्न सक्नेछ ।

यस कार्यविधीमा व्यवस्था भएको कुनै कुरा प्रचलित संघीय तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

आज्ञाले,

नन्द लाल शर्मा

प्रमुख प्रशासकीय अधिकृत